# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ३) सैनामैना नगरपालिका, २९ कार्तिक २०७६ साल (संख्या १

## भाग–२

## सैनामैना नगरपालिका

### कार्यविधिको नाम : सैनामैना नगरपालिकाको पशुधन सुरक्षण सम्बन्धी कार्यविधि, २०७६

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/०७/२९

**प्रस्तावना :** नगरपालिका क्षेत्रभित्र रहेको भूमी, पुँजी र जनशक्तिलाई अधिकतम उपयोग गरी स्थानीयस्तरको साधनलाई परिचालन गरी तुलनात्मक लाभका क्षेत्रहरुको कुशल उपभोग गरी उत्पादनलाई बजारीकरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानूनको परिधि भित्र रही बिमितले तिरेको पशुपन्छीको प्रिमियममा अनुदानको अवधारणा अगाडी बढाउन, पशुधन सुरक्षण सम्बन्धी कार्यकमलाई प्रोत्साहन गर्न, बिमितले तिरेको पशुपन्छीको



Scanned with CamScanner

प्रिमियममा अनुदान रकम उपलब्ध गराउन र यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न बान्छनीय भएकोले सैनामैना नगरपालिकाले यो कार्यबिधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम पशुधन सुरक्षण सम्वन्धी कार्यविधि २०७६ रहेको छ।

ख) यो कार्यविधि सैनामैना नगरपालिका क्षेत्र भित्र लागु हुने छ।

ग) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"ऐन"** भन्नाले विमा ऐन, २०४९ लाई सम्झनु पर्दछ।

ख) **"नगरपालिका"** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्छ

ग) **"नियमावली"** भन्नाले विमा नियमावली २०४९ लाई सम्झनु पर्दछ।

घ) **"पशुपन्छी विमा"** भन्नाले पशु र पन्छीको विमाको बिषय बस्तु सम्झनु पर्दछ।

ङ) **"विमित पशुधन"** भन्नाले बिमालेखको पशु विवरण तालिकामा नाम र विवरण उल्लेख भएको दुध, मासु, ब्रिडिङ, पशुश्रम, ऊन आदिका लागि पालिने पशु सम्झनुपर्छ।

च) **"बिमित पन्छी"** भन्नाले बीमालेखको पन्छी विवरण तालिकामा नाम र विवरण उल्लेख भएको मासु, चल्ला पार्ने र अण्डा पार्ने प्रयोजनको लागि पालिने पन्छीहरु सम्झनुपर्छ।



Scanned with CamScanner

छ) **"सङ्केत पट्टा"** भन्नाले बीमा गरिएको पशुधनलाई चिनाउने उद्देश्यले प्राविधिकले लगाईदिने पहिचान खुल्ने सङ्केत (ट्याग /माईक्रोचिफ्स आदी) सम्झनु पर्छ ।

ज) **"बीमा अवधी"** भन्नाले बीमालेखको अनुसुचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) वर्ष सम्मको अवधी संझनु पर्दछ । सो शव्दले नविकरण भएको अवधिलाई समेत जनाउँछ ।

झ) **"पशुपन्छी धन मृत्यु प्रमाणपत्र"** भन्नाले सम्बन्धित पशुपन्छी प्राविधिकले बीमित पशुपन्छी धनको मृत्यु भएको भनी प्रमाणित गरी दिएको प्रमाणपत्रलाई सम्झनुपर्छ ।

ञ) **"दुर्घटना"** भन्नाले बाहिरी आखाँले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक घटनालाई सम्झनुपर्छ ।

ट) **"लापरवाही"** भन्नाले पशुपन्छी बीमाको हकमा पशुपन्छी धनलाई बिभिन्न रोग बिरुद्ध समयमै प्रतिरोधात्मक खोपहरु नलगाईएको, साबधानी नअपनाइएको, बिरामीलाई उपचार नगराइएको, आवश्यक दानापानी नखुवाइएको वा जानाजान बिषाक्त पदार्थ खुवाइएको अबस्था सम्झनुपर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क) पशुपन्छी विमालाई प्रोत्साहन गर्ने ।

ख) परम्परागत पशुपन्छी पालक कृषकहरुलाई प्रोत्साहन गर्ने ।

ग) पशुपन्छी पालन गर्ने कृषकहरुलाई व्यवसायिक बनाउने ।

घ) पशुपन्छी पालक कृषक सुरक्षित भई बढी भन्दा बढी दुध, मासु, अण्डा उत्पादनमा टेवा पुऱ्याउने ।



Scanned with CamScanner

ङ) बास्तविक कृषकको हातमा लाभ पुऱ्याई रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

च) नगरपालिकाले लिएका नीतिहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउने ।

## ४. कार्यक्रम कार्यान्वियन र प्रकृया :

१) विमितले तिरेको पशुपन्छीको प्रिमियममा ५० प्रतिशत अनुदान प्रदान गर्नको लागि नगरपालिकाले आफ्नो नगरपालिका क्षेत्रभित्रका लाभग्राही कृषकहरुका लागि सुचना जारी गरी तपसिलका कागजात संलग्न गरी आवेदन माग गर्नेछ ।

क. अनुसूचि १ बमोजिमको निवेदन,

ख. नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

ग. विमितले प्रिमियम रकम बुझाएको सक्कलै रसिद वा निस्सा,

घ. विमितले पशुधन विमा सम्बन्धी पेश गरेको विवरण तालिका,

ङ. समुह/समिति सहकारी भएमा सो दर्ताको प्रमाण पत्र र संस्था/समिति/सहकारीको सिफारिस सहित विमितका एकमुष्ठ निवेदन ।

२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित शाखाले आवश्यक जाँचबुझ गरी विमितले बुझाएको रकमको ५० प्रतिशत अनुदानको लागि सिफारिस सहित नगरपालिका समक्ष पेश गर्नेछ ।



Scanned with CamScanner

३) उपदफा (१) बमोजिमको निवेदन उपर उपदफा (२) बमोजिम अनुदानको लागि सिफारिस प्राप्त भएमा नगरपालिकाले यस कार्यविधिको अधिनमा रही प्रत्येक महिनाको अन्तिम हप्ता बीमा प्रिमियम रकमको ५० प्रतिशत अनुदान रकम सम्बन्धित कृषक/समूह/समिति/सहकारीलाई उपलब्ध गराउनेछ।

५. **कार्यकमको अबधी :** यो कार्यकमको अबधी १ बर्षको हुनेछ र नगरपालिकाले आवश्यकता अनुसार उक्त अवधि थप गर्दै लैजान सक्नेछ।

६. **अनुगमन :** सैनामैना नगरपालिकाको नगर स्तरीय कृषि व्यवसाय प्रबर्द्धन समितिबाट अनुदान भुक्तानी र सोको सदुपयोग भए, नभएको सम्बन्धमा आवश्यक अनुगमन गरी सोको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नेछ।

७. **दण्ड सजायः**

१) यस कार्यविधिको प्रतिकूल हुने गरी कार्य गरेमा वा झुठा विवरण पेश गरी अनुदान प्राप्त गरेको पाइएमा उपलब्ध गराइएको अनुदानको दोब्बर जरिवाना गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्न सकिनेछ।

२) लाभग्राहीले पेश गरेको कागजात उपर जाँचबुझ गरी सिफारिस गर्ने अधिकार प्राप्त पदाधिकारी वा कर्मचारीले झुठा विवरण सहित सिफारिस गरेको पाइएमा समितिको सिफारिसमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।



Scanned with CamScanner

८. **जाँचबुझ सम्बन्धी व्यवस्था:** विमा अनुदानको लागि लाभग्राहीले पेश गरेको रसिद वा निस्साको सम्बन्धमा नगरपालिकाले आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ र सो कार्यमा सहयोग पुर्‍याउनु सम्बन्धित विमित र विमा कम्पनीको कर्तव्य हुनेछ ।

९. **विविध :**

१) पशुपन्छी विमा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम हुनेछ ।

२) सैनामैना नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।



Scanned with CamScanner

अनुसूची-१

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

## विमाको अनुदानको लागि दिइने निवेदनको ढाँचा

मिति : ........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बुद्धनगर, रुपन्देही

**विषय : अनुदान रकम भुक्तानी पाउँ ।**

प्रस्तुत विषयमा म यस सैनामैना नगरपालिका वडा नं. ... बस्ने स्थायी वासिन्दा हुँ । मैले मिति ................ देखि पशुपन्छी/कृषि व्यवसाय गर्दै आइरहेको छु । यस नगरपालिकाले लिएको पशुपन्छी/कृषि सम्बन्धि नीतिमा विमामा अनुदानको व्यवस्था गरे बमोजिम मैले पाल्दै आएका तपसिलका पशुपन्छीमा विमा गरेकोले कार्यविधिको दफा ४ मा उल्लेखित तपसिलका विवरण सहित विमाङ्कको ५० प्रतिशत रकम अनुदान पाउन यो निवेदन पेश गरेको छ ।

**तपसिल**

१

२

३

४

५

विवरण ठीक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजातहरु**

१. 
२. 
३. 
४. 
५. 

निवेदकको
दस्तखत:
नामथर:
ठेगाना:
सम्पर्क नं.

पारित मिति: २०७६/०७/२९

आज्ञाले
**कृष्णप्रसाद भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner